# मुसिकोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड : ६ संख्या : ४ पौष ०४, २०७९**

**भाग- २**

**मुसिकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको**

**सूचना**

# शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०७९

प्रस्तावनाः मुसिकोट नगरपालिका क्षेत्रमा बसोवास गर्ने नागरिकहरुको अस्पताल, दुर्घटनास्थल, वासस्थान तथा समुदाय आदि स्थानहरुमा विभिन्न कारणबाट मृत्यु भएका मृत व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

अन्त्येष्टि गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक भएकोले मुसिकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०७९ तयार गरी नगरकार्यपालिकाको मिति २०७९।०८।२१ गतेको बैठकवाट यो कार्यविधि स्वीकृती गरी लागु गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "कार्यविधि" भन्नाले "शव दाहासंस्कारका लागि दाउरा सहायता कार्यविधि, २०७९" सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिकालाई सम्झनु पर्छ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(ग) “नगर प्रमुख” भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिका नगर प्रमुखलाई सम्झनु पर्छ ।

(घ) “नगर उपप्रमुख” भन्नाले मुसिकोट नगरपालिकाको नगर कार्यपालिका नगर उपप्रमुखलाई सम्झनु पर्छ

(ङ) “समिति” भन्नाले दफा ९ बमोजिम गठित शव दाहासंस्कारका लागि व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले शव दाहासंस्कारका लागि व्यवस्थापन समितिका सदस्य सम्झनु पर्छ र सो शव्दले समितिको संयोजक समेतलाई जनाउदछ ।

(छ) "शव" भन्नाले मृत्यू प्रमाणित भएको व्यक्तिको शरीर सम्झनु पर्छ ।

(ज) "शव दाहासंस्कार" भन्नाले मृतकका हकवालाहरुले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम शवको अन्त्येष्टि गर्ने कार्यलाई सम्झनु पर्छ ।

(झ) "दाउरा" भन्नाले हिन्दु परम्पारा अनुसार शव अन्त्यष्ठि गरिदा प्रयोग गरिने वन जंगालबाट उत्पादित काठलाई सम्झनु पर्नेछ ।

(ञ) "हकवाला" भन्नाले मुलुकी देवानी संहिताको दफा २३९ बमोजिमका व्यक्तिहरु सम्झनु पर्नेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

**३. कार्यविधिको उद्धेश्यः**

क) मृत व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम अन्त्येष्टि गर्न पाउने अधिकारलाई सुनिश्चित गर्ने ।

ख) नगरवासी सवै नागरिकहरुले सामाजिक रुपमा ससम्मान पूर्वक जीवन जिउने वातावरणाको अवस्था सृजना गर्ने ।

ग) मृतक मुसिकोट नगरवासी र वेवारिसे नागरिकको शव दाहासंस्कारकालागि आर्थिक सहायताको रुपमा नगद/दाउरा उपलब्ध गराउने ।

## परिच्छेद -२

## शव दाहासंस्कारका लागि दाउरा सहायता उपलब्ध गराउने

४. **शव दाहसंस्कारका लागि दाउरा सहायता दिनेः** (१) नगरपालिका वडामा बसोवास गर्ने नागरिकहरुको अस्पताल, दुर्घटनास्थल, वासस्थान तथा समुदाय आदि स्थानहरुमा विभिन्न कारणबाट मृत्यु भएका मृत व्यक्तिको शव हकवाला, आफन्त तथा सरोकारवालाले आ-आफ्नो धर्म संस्कृति, चालचलन बमोजिम अन्त्येष्टि गर्न दाउरा सहायता दिने ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

(२) उपदफा १ बमोजिम दाउरा सहायता स्वरुप प्रदान गरिने रकमको सिमा नगरपालिकाको नगरसभावाट स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम हुनेछ ।

## ५. शव दाहासंस्कारकालागि दाउरा सहायता प्राप्त गर्ने व्यक्तिः

(क) मुसिकोट नगर क्षेत्रभित्र बसोवास गर्ने परिवारको सदस्य ।

(ख) मुसिकोट नगरपालिका वडा नं ३ को मुग्लुखोला दोभानको घाटमा शवलाई जलाएर दाहासंस्कार गरेको हुनुपर्ने।

(ग) विगतमा आ-आफ्नो धर्म संस्कृति, चालचलन अनुसार मुग्लुखोला दोभानको घाटमा शवलाई जलाएर दाहासंस्कार गरेका व्यक्तिको परिवारको सदस्यको जिल्ला बाहिर दाहासंस्कार गर्नु परेमा मुग्लुखोला दोभानको घाटमा शवलाई जलाएर शव दाहासंस्कार गर्दा पाए सरहको सुविधा पाउने छन ।

(घ) आ-आफ्नो धर्म संस्कृति, चालचलन अनुसार शव नजलाई गाडनेको हकमा शवलाई जलाएर शव दाहासंस्कार गर्दा पाए सरहको सेवा सुविधा पाउनेछन ।

(ङ) यो कार्यविधि अन्य वडाहरुमा पनि क्रमश लागु गर्दै लगिनेछ।

## ६. दाउरा खरीद प्रक्रिया :

नगरपालिकाले प्रचलित सार्वजनीक खरीद ऐन तथा नियमावली र मुसिकोट नगरपालिकाको खरीद नियमावली २०७५ अनुसार

आवश्यक प्रक्रिया पुरा गरी प्रति शव दाहसंस्कारका लागि आवश्यक पर्ने दाउराको मुल्य घटाघटका आधारमा टेन्डर प्रक्रिया अनुसार नगरपालिकाले मुल्य निर्धारणा गरी सोही अनुसार दाउरा उपलव्ध गराउने व्यवस्था गर्नेछ ।

**७. दाउरा सहायता उपलव्ध गराउने प्रक्रियाः**

१ अनुसुची १ अनुसारको हकवालाको निवेदन ।

२. हकवालाको नागरिकताको प्रतिलिपि ।

३. वडा कार्यालयको सिफारीस पत्र ।

४. नाता प्रमाणित पत्र ।

**८. दाउरा सहायता प्रदानः** (१) नियमानुसार आवश्यक कागजात सहित पेश भएको निवेदन उपर नगर कार्यपालिकाको कार्यालयले जाँचबुझ गरी दाउरा सहायता प्रदान गर्नेछ ।

(२) उपदफा (१) अनुसार दाउरा सहायता प्रदान गरिएका विवरणहरुको अभिलेख व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

**९. शव दाहासंस्कारका लागि व्यवस्थापन समितिः**

शव दाहासंस्कारका लागि व्यवस्थापन गर्न देहायको पदाधिकारीहरु रहेको शव दाहासंस्कारका लागि नगर व्यवस्थापन तथा समिति रहनेछ ।

(क) नगर प्रमुख — संयोजक

(ख) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

(ग) सम्बन्धित वडाका वडा अध्यक्ष वा
निजले तोकेको व्यक्ति सदस्य

(ङ) नगरपालिकाको नगर स्वास्थ्य संयोजक सदस्य सचिव

१०. **शव दाहासंस्कारका लागि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) शव दाहासंस्कारका लागि व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) नगर क्षेत्रमा मृतक व्यक्तिहरुको शव दाहासंस्कारको अवस्था तथा शव दाहासंस्कारकालागि दिइएको दाउरा सहायताको प्रभावकारीता सम्वन्धी अनुगमन गर्ने

(२) नगर क्षेत्रमा मृतक व्यक्तिहरुको शव दाहासंस्कार सम्वन्धित स्थानीय स्तरका नीति नियमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

(३) मृतक व्यक्तिहरुको शव दाहासंस्कारको लागि दिइने दाउरा सहायताका लागि आवश्यक पर्ने स्रोतको व्यस्थापन गर्ने ।

(४) शव दाहासंस्कारको लागि दाउरा सहायता प्राप्त गर्ने व्यक्तिहरुको विवरण उल्लेख गरी प्रतिवेदन तयार गर्ने ।

(५) समय समयमा नगरपालिकाले दिएको निर्देशनको पालना गर्ने ।

(६) तोकिएको अन्य कार्य गर्ने ।

मुसिकोट नगरपालिका प्रमाणीय राजपत्र

**११. कोषको लेखा परिक्षणः**

(१) शव दाहसंस्कारकारका लागि दाउरा सहयता सम्बन्धी खर्चको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ ।

(३) लेखा परिक्षण गराउने जिम्मेवारी नगरपालिकको हुनेछ ।

**१२. वाधा अडकाउ फुकाउ परिमार्जन संशोधन र खारेजी सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधिमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले निर्णय गरी परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

(३) यस अघि शव दाहसंस्कारका लागि दाउरा सहायता सम्बन्धमा भए गरेका काम कारवाहि सम्बन्धी व्यवस्था यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

मुसिकोट नगरपालिका स्थानीय राजपत्र

# अनुसूची -१

मितिः ............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मुसिकोट नगरपालिका रुकुम, पश्चिम

विषयः दउरा सहायता उपलव्ध गराई पाउँ ।

उपरोक्त विषयमा मुसिकोट नगरपालिका वडा नं .. .. को.. .. .. .. .. ..टोलमा बस्ने म निवेदकले शव दाहासंस्कारका लागिका दाउरा सहायता उपलव्ध गराई पाउँ भनी आवश्यक कागजातहरु यसै निवेदनसाथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

संलग्न कागजातहरुः

१. हकवालाको नागरिकताको प्रतिलिपि ।
२. वडा कार्यालयको सिफारीस पत्र ।
३. मृतकको मुत्यु दर्ताको प्रमाण पत्र ।

निवेदक
हस्ताक्षरः
नामः
ठेगानाः

आज्ञाले,
विनाराम खडका
नि. प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट नगरपालिका स्थानीय राजपत्र